नौगाड गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
होपरीगाड, दार्चुला
सुदुरपश्चिम प्रदेश, नेपाल

# नौगाड गाउँपालिका

## स्थानीय राजपत्र

**खण्डः ३** **संख्याः ५७** **मितिः २०८१।०८।२०**

नौगाड गाउँपालिका

भाग – २

अध्यक्ष रनिङ शिल्ड प्रतियोगिता सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८१

कार्यपालिकाबाट पारित मितिः २०८१।०८।२०

प्रमाणीकरण मितिः २०८१।०८।२०

स्थानीय राजपत्रमा प्रकाशन मितिः २०८१।०८।२०

प्रस्तावनाः नौगाड गाउँपालिकाको अध्यक्ष रनिङ शिल्ड प्रतियोगितालाई मर्यादित तथा अनुशासित एवं व्यवस्थित ढंगबाट संचालन गराउने उद्देश्यले यो कार्यविधि जारी गरेको छ ।

प्रमुख प्रशासकीय अधिकृत

## परिच्छेद–१
## प्रारम्भ

**१. संक्षिप्त नाम र प्रारम्भः**

क. यो कार्यविधिको नाम **"अध्यक्ष रनिङ शिल्ड प्रतियोगिता सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८१"** रहेको छ ।

ख. यो कार्यविधि कार्यपालिकाबाट स्वीकृत भएको मितिदेखि लागू हुनेछ ।

**२. परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः**

क. 'समिति' भन्नाले अध्यक्ष रनिङ शिल्ड प्रतियोगिता सञ्चालन तथा व्यवस्थापन समितिलाई बुझ्नुपर्दछ ।

ख. 'वडा' भन्नाले नौगाड गाउँपालिका अन्तर्गतका वडाहरु सम्झनुपर्दछ ।

ग. 'समूह' भन्नाले एउटै समूहभित्र खेल्न भनी नाम दर्ता गराएका खेलाडीहरुको समूह बुझ्नुपर्दछ ।

घ. 'आयोजक' भन्नाले नौगाड गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय बुझ्नुपर्दछ ।

## परिच्छेद–२

**३. सञ्चालन तथा व्यवस्थापन समिति**

१) अध्यक्ष रनिङ शिल्ड प्रतियोगिता सञ्चालन सम्बन्धमा आवश्यक नीति निर्धारण, सञ्चालन, समन्वय र निर्देशन गर्न तपसिल बमोजिमका पदाधिकारीहरु रहेको एक पालिका स्तरीय सञ्चालन तथा व्यवस्थापन समिति रहनेछ ।

- प्रमुख प्रशासकीय अधिकृतः — संयोजक
- गाउँपालिका भित्रका विद्यालयका खेलशिक्षक मध्येबाट समितिले तोकेको एकजनाः — सदस्य
- गाउँपालिका भित्र सञ्चालित विद्यालयका प्र.अ. मध्ये समितिले तोकेका एकजनाः — सदस्य
- संयोजकले तोकेको गाउँ कार्यपालिकाको कर्मचारीहरुमध्ये एकजनाः — सदस्य
- शिक्षा, युवा तथा खेलकुद शाखा प्रमुखः — सदस्य सचिव

२) सञ्चालन तथा व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार

क. अध्यक्ष रनिङ शिल्ड प्रतियोगिताको आयोजना, सञ्चालन, व्यवस्थापन तथा अनुगमन गर्ने ।

ख. प्रतियोगिताको लागि आवश्यक पर्ने पूर्वाधारको विकास तथा व्यवस्थापन गर्ने ।

ग. प्रतियोगिता सञ्चालन हुने समय, स्थान र मिति तय गर्ने ।

घ. प्रतियोगितालाई मर्यादित र व्यवस्थित गराउनका लागि सरोकारवाला निकायसँग आवश्यक समन्वय गर्ने ।

ङ. प्रतियोगिताको लागि विनियोजित रकमलाई अधिकतम रुपमा सदुपयोग गरी प्रतियोगिताको सञ्चालनको व्यवस्था गर्ने।

च. प्रतियोगिता सञ्चालनका लागि आवश्यक पर्ने उपसमितिहरु गठन गरी जिम्मेवारी प्रदान गर्ने ।

छ. पुरस्कारको राशी निर्धारण गर्ने ।

**४. वडास्तरीय समिति**

१) वडास्तरीय अध्यक्ष रनिङ शिल्ड प्रतियोगिता सञ्चालन गर्न तपसिल बमोजिमका पदाधिकारीहरु रहेको एक समिति रहनेछ ।



प्रमुख प्रशासकीय अधिकृत

– वडा सचिवः संयोजक
– खेल सञ्चालन हुने विद्यालयको प्र.अ. सदस्य
– संयोजकले तोकेको वडाको कर्मचारी एक जनाः सदस्य सचिव

२) समितिको काम, कर्तव्य र अधिकार ।

१) वडास्तरीय अध्यक्ष रनिङ शिल्ड प्रतियोगिताको आयोजना, सञ्चालन तथा व्यवस्थापन गर्ने ।

२) प्रतियोगितालाई मर्यादित र व्यवस्थित गराउनका लागि सरोकारवाला निकायसँग आवश्यक समन्वय गर्ने ।

३) प्रतियोगिताको लागि विनियोजित रकमलाई अधिकतम रुपमा सदुपयोग गरी प्रतियोगिता सञ्चालनको व्यवस्था गर्ने।

४) वडास्तरीय प्रतियोगितामा कुनै विवाद आएमा विवाद समाधान गर्ने।

**५. प्रतियोगिता सञ्चालन प्रक्रियाः**

अध्यक्ष रनिङ शिल्ड प्रतियोगितामा सहभागी हुनका लागि सम्बन्धित समूहले अनुसूची- १ बमोजिमको फाराम प्रत्येक खेलाडीबाट भराई आयोजकलाई उपलब्ध गराउनुपर्नेछ ।

१) आयोजकले प्रतियोगिता सञ्चालन हुने स्थान, मिति र समयको सूचना कम्तिमा ७ दिन अगावै दिनुपर्नेछ ।

२) आयोजकले प्रतियोगिता सम्पन्न भए पश्चात समग्र प्रतिवेदन गाउँकार्यपालिकामा पेश गर्नुपर्नेछ ।

३) ६ वटै वडाहरुमा अनुसूची ३ बमोजिमका खेलकुद/क्रियाकलापहरुमा विद्यालयहरुको प्रतिस्पर्धा गराईनेछ।

४) वडाका विजेता र उप विजेताहरुलाई पालिकास्तरीय रनिङ शिल्डमा सहभागी गराइनेछ।

५) प्रथम, द्वितीय र तृतीय हुने समूह वा खेलाडीलाई मेडल र प्रमाणपत्र प्रदान गरिनेछ। साथै सहभागी विद्यालय वा वडालाई प्रथम, द्वितीय, तृतीय र सहभागिताको प्रमाणपत्र प्रदान गरिनेछ । प्रथम, द्वितीय र तृतीय हुने विद्यालय वा वडालाई पुरस्कारको मापदण्ड सञ्चालन तथा व्यवस्थापन समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

६) समितिले प्रतियोगिता सञ्चालनका लागि आवश्यकताअनुसार विज्ञहरु नियुक्त गर्न सक्नेछ र निजहरुलाई प्रचलित नियमअनुसार पारिश्रमिक दिन सकिनेछ।

७) काबु बाहिरको परिस्थिति पर्न गई प्रतियोगिता स्थगित गर्नुपरेमा सोको कारणसहितको निर्णय र उक्त प्रतियोगिता परिस्थिति अनुकूल हुनासाथ पुनः सञ्चालन हुने व्यहोरासमेतको जानकारी कार्यालयलाई र सहभागीलाई दिनुपर्नेछ ।

८) सञ्चालन तथा व्यवस्थापन समिति र अन्य उपसमितिको बैठक आवाश्यकता अनुसार बस्नेछ । समिति तथा उपसमितिका पदाधिकारीलाई नियमानुसार बैठक भत्ता उपलब्ध गराउन सकिनेछ ।



प्रमुख प्रशासकीय अधिकृत

**परिच्छेद—३**

**६. प्रतियोगिता संचालन हुने अवधिः** अध्यक्ष रनिङ शिल्डप्रतियोगिता प्रत्येक बर्षको अर्धवार्षिक परीक्षा सम्पन्न पश्चात पालिका स्तरीय सञ्चालन तथा व्यवस्थापन समितिले तोके बमोजिमको अवधिमा संचालन हुनेछ ।

**७. प्रमाणपत्रको ढाँचाः** प्रतियोगितामा विजयी प्रतियोगीहरुलाई प्रदान गरिने प्रमाण पत्रको ढाँचा अनुसूची-२ बमोजिम हुनेछ।

**८. बाधा अड्काउ फुकाउनेः** यस कार्यविधिको कार्यान्वयन सम्बन्धमा कुनै समस्या आईपरेमा सञ्चालन तथा व्यवस्थापन समितिको सुझाव बमोजिम कार्यपालिकाको निर्णय अनुसार हुनेछ ।

**९. संशोधन र खारेजीः** यस कार्यविधिको आवश्यक संशोधन र खारेजी गाउँकार्यपालिकाले गर्न सक्नेछ ।

**आज्ञाले,**
**पुष्कर सिंह धामी**
**प्रमुख प्रशासकीय अधिकृत**

नौगाड गाउँपालिका



प्रमुख प्रशासकीय अधिकृत

## अनुसूचि–१

## सहभागी हुन भर्नुपर्ने फाराम

परिच्छेद २ को दफा ५ को उपदफा (१) सँग सम्बन्धित प्रतियोगितामा सहभागी हुन भर्नुपर्ने फारामको नमूना

१. **EMIS** रजिस्ट्रेसन नं**:**

२. सहभागी खेलाडीको नामः

३. सहभागी खेलाडीको बाजेको नामः

४. सहभागी खेलाडीको बाबुको नामः

५. सहभागी खेलाडीको स्थायी ठेगानाः

६. जन्म मितिः

७. हस्ताक्षरः

उल्लेखित व्यहोरा ठिक साँचो हो भनी प्रमाणित गर्ने

वडा अध्यक्ष नामः

हस्ताक्षरः

वडा नं.

**संलग्न गर्नु पर्ने कागजातहरु**

१. सहभागिको विवरण सहितको सम्बन्धित वडा कार्यालयको सिफारीस पत्र

नौगाड गाउँपालिका



प्रमुख प्रशासकीय अधिकृत

## अनुसूची—२

## (परिच्छेद—३ को दफा ६ संग सम्बन्धित) प्रमाणपत्रको ढाँचा

नौगाड गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय

होपरीगाड, दार्चुला

### प्रमाण—पत्र

नौगाड गाउँपालिकाद्वारा आयोजित अन्तर वडा/पालिका स्तरीय अध्यक्ष रनिङ शिल्ड प्रतियोगिताको ....................... विधामा श्री ......................... माध्यविक विद्यालय/ आधारभूत विद्यालय ...............वडा नं. ............ मा अध्ययनरत छात्र/छात्राले ..................... स्थान हासिल गर्नुभएकोमा तपाई श्री ......................................................... लाई स—धन्यवाद यो प्रमाणपत्र प्रदान गरिएको छ।

नौगाड गाउँपालिका

दस्तखत          दस्तखत          दस्तखत



प्रमुख प्रशासकीय अधिकृत

## अनुसूचि—३

## सञ्चालन हुने क्रियाकलापहरु

परिच्छेद २ को दफा ५ को उपदफा (३) सँग सम्बन्धित प्रतिस्पधात्मक क्रियाकलापहरुमा विद्यालयहरुको प्रतिस्पर्धा गराईने क्रियाकलापहरुः

| क्र.सं. | खेलहरु | पदक संख्या |
|---|---|---|
| १ | **हाजिरी जवाफ** | २ |
| | क) कक्षा १-५ | |
| | ख) कक्षा ६-८ | |
| २ | पढाइ गति मापन (कक्षा १-३) | १ |
| ३ | शब्द/चित्रपत्ती मिलान (कक्षा १-३) | १ |
| ४ | हिसाव दौड (कक्षा १-५) | १ |
| ५ | **श्रृतिलेखन** | ४ |
| | अंग्रेजी भाषा कक्षा १-५ | |
| | नेपाली भाषा कक्षा १-५ | |
| | अंग्रेजी भाषा कक्षा ६-८ | |
| | नेपाली भाषा कक्षा ६-८ | |
| ६ | निवन्ध लेखन (कक्षा ६-८) | १ |
| ७ | चित्रकला (कक्षा ६-८) | १ |
| ८ | **हस्तलेखन** | २ |
| | क) कक्षा १-५ | |
| | ख) कक्षा ६-८ | |
| ९ | वक्तृत्वकला (कक्षा ६-८) | १ |
| १० | कविता लेखन/वाचन (कक्षा ६-८) | १ |
| ११ | **स्मरणशक्ती परीक्षण** | २ |
| | क) कक्षा १-५ | |
| | ख) कक्षा ६-८ | |
| जम्मा | | |



प्रमुख प्रशासकीय अधिकृत